| | | | | |
|---|---|---|---|---|
| (क्ष) | कृषि उपजहरुको भण्डारण, बजार पूर्वाधार निर्माण तथा सुदृढीकरण कार्यक्रम | • सम्बन्धित निकायमा कृषि उपज भण्डारण तथा बजारीकरण व्यवसाय सञ्चालन गर्ने उद्देश्य सहित दर्ता भएका कृषि समूह/सहकारी/बजार समिति हुनु पर्ने।<br>• स्थानीय तह मार्फत लागत साझेदारीमा समेत गर्न सकिने।<br>• स्थायी संरचना निर्माण गर्ने हकमा जग्गा संस्थाकै नाममा हुनु पर्ने र अस्थायी संरचनाको हकमा संस्थाकै नाममा वा कम्तिमा १० बर्षको लिजमा लिएको हुनुपर्ने र निर्माण भएको संरचनाको सुधारको हकमा पनि संरचना निर्माण गर्ने जग्गा संस्थाकै नाममा हुनु पर्ने वा अस्थायी संरचना निर्माणको हकमा आफ्नै जग्गा वा कम्तिमा १० बर्षको लिजमा लिएको हुनुपर्ने।<br>• कृषि उपजको उत्पादन/बिक्री वितरणमा संलग्न भएको हुनु पर्ने।<br>• आवेदकले प्रदेश भित्रका कृषक, कृषक समुह वा सहकारीले उत्पादन गरेको कृषि जन्य उपजलाई प्राथमिकता दिई कृषि उपजहरुको कारोवार गर्नु पर्ने।<br>• कार्यक्रम सञ्चालन हुने स्थानमा बाटो, बिजुली, पानी तथा फोहर व्यवस्थापनको सुविधा भएको हुनु पर्ने। आयोजनाको कूल लागत रू. १० लाख भन्दा बढि हुनु पर्नेछ। | • बजार स्थापनाका लागि संरचना निर्माण तथा सुदृढीकरण।<br>• कृषि उपज भण्डारण घर र तरकारी भण्डारणका लागि कोल्ड रुम (Refrigeration facility सहित) तथा काठका न्याक, क्रेट आदि। | • कूल लागतको ५० प्रतिशत [illegible] बढीमा रु.१० लाखमा जुन कम हुन आउछ सो रकममा अनुदान उपलब्ध गराउने।<br>• स्थानीय तहसँग ५० प्रतिशत लागत साझेदारीमा समेत गर्न सकिने। |

सुमन शर्मा रायमाझी
मन्त्री

सचिव

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
| --- | --- | --- | --- | --- |
| | | संलग्न भएको हुनु पर्ने।<br>• आवेदकले प्रदेश भित्रका कृषक, कृषक समूह वा सहकारीले उत्पादन गरेको कृषि जन्य उपजलाई प्राथमिकता दिई कृषि उपजहरुको कारोवार गर्नु पर्ने।<br>• कार्यक्रम सञ्चालन हुने स्थानमा बाटो, बिजुली, पानी तथा फोहर व्यवस्थापनको सुविधा भएको हुनु पर्ने। | | |
| (ज्ञ१८) | साना कृषि मेसिनरी औजार उपकरण वितरण | • सम्बन्धित निकायमा दर्ता भएको कृषि उद्यमी /कृषक समूह/समूह सदस्य/ कृषि सहकारी संस्था हुनु पर्ने।<br>• साना कृषि मेसिनरी औजार उपकरणहरू हुनु पर्ने। | • साना कृषि मेसिनरी औजार उपकरणहरु | • साना कृषि मेसिनरी औजार उपकरणहरुमा ५० प्रतिशत वा बढीमा रु.१ लाख सम्म अनुदान दिन सकिने।<br>• एकै प्रकृतिको यन्त्र उपकरणको भुक्तानीमा एकरुपता कायम गर्न सम्बन्धित कार्यालयले अनुदानको अधिकतम सिमा तोक्न सक्नेछ। |
| (ज्ञ१९) | रेशम प्रशोधनका लागि मेशीनरी खरीदमा अनुदान | • सम्बन्धित निकायमा दर्ता भएको कृषि उद्यमी /कृषक समूह/ कृषि सहकारी संस्था हुनु पर्ने।<br>• न्यूनतम १ हे. क्षेत्रफलमा किम्बु खेती गरी रेशम कोया उत्पादन गरेको हुनुपर्ने। | • रेशम प्रशोधनसँग सम्बन्धित मेशीनरी उपकरण | • रेशम प्रशोधनसँग सम्बन्धित मेशीनरी उपकरणमा ५० प्रतिशत वा बढीमा रु.१० लाख सम्म अनुदान दिन सकिने। |
| (ज्ञ२०) | कृषि उपजहरूको उत्पादन गर्ने कृषि | • सम्बन्धित निकायमा दर्ता भएको कृषक समूह/ कृषि सहकारी संस्था हुनु पर्ने। | • Single cab pick up vehicle | कृषि उपजहरूको उत्पादन गर्ने कृषि सहकारी/ कृषक समूहलाई |

सुमन शर्मा रायमाझी
मन्त्री



सचिव

Scanned with CamScanner